**निर्णय नं. १**

नेपालको संविधानले राज्यको शासकीय स्वरुप संघात्मक प्रणालीमा हुने र तिन तहको संरचना हुने व्यवस्था गरे अनुसार नवनिर्वाचित पदाधिकारीज्युहरु बाट आ आफ्नो जिम्मेवारी निर्वाह गर्न सुरु भएको अवस्थामा तपसिलका कानुनहरु नहुँदा नगरपालीकाले काम गर्न असहजता भएको अवस्थामा नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त नमुना कानुन तथा कार्यविधी मन्त्रालयले पठाएको कानुनको मुल मर्ममा फरक नपर्ने गरि कार्यपालीकाले आवश्यकता अनुसार सशोधन गर्ने गरि पारित गर्ने निर्णय गरियो ।

(१) नगरपालीकाको कार्यसम्पादन नियमावली २०७४

(२) नगरपालीकाको बैठक संचालन कार्यविधी २०७४

**निर्णय नं. २**

यस वीरेन्द्रनगर नगरपालीकाको नगर सभाको प्रथम बैठक मिती २०७४।०३।३१ गते बिहान ११ बजे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालीकाको प्रथम नगर सभामा पारित गरिने नीति,योजना तथा बजेटको तर्जुमा गरि नगर सभाबाट स्वीकृत गर्न स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ अवलम्बन गर्ने,तर नगर सभामा पेश गर्ने योजना तथा कार्यक्रम वस्ती टोल स्तरबाट छनौट गर्ने प्रावधान राखेकोमा उल्लेखित कार्य तत्काल गर्न कठिनाई देखिएको हुँदा साविकका नगरपालीका र गाविसका वडा भेलामा पेश भएका माग र वडा नागरिक मन्चले एकिकृत योजना तर्जुमा समितीमा पेश गरेका योजना तथा कार्यक्रम लाई समेत आधार मान्दै वडा भेला  गर्न वडा समितीलाई निर्देशन जारी गर्ने ।

**निर्णय न ४**

यस नगरपालीकाको आगामी आ.व. २०७४।०७५ को  वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ मा उल्लेखित निम्न अनुसारका समितीहरु देहाय बमोजिम सदस्यहरु रहने गरि गठन गर्ने निर्णय गरियो ।

**निम्न**

**१. राजश्व परामर्श समिती**

(क) श्री मोहन माया ढकाल,नगर कार्यपालीका उपप्रमुख - संयोजक

(ख) श्री विमल राज आचार्य,कार्यकारी अधिकृत  - सदस्य

(ग) श्री राजु गुइदेल,कार्यपालीका सदस्य - सदस्य

(घ) श्री मोती प्रसाद कडेंल, कार्यपालीका सदस्य - सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य संघका प्रमुख तथा प्रतिनिधी - सदस्य

(च) स्थानीय स्थानीय नेपाल चेम्बर अफ कर्मशका प्रमुख तथा प्रतिनिधी - सदस्य

(छ) श्री हृदयराम ढकाल - सदस्य सचिव

**२.स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती**

(क) श्री देव कुमार सुवेदी,नगर कार्यपालीका प्रमुख - संयोजक

(ख) श्री मोहन माया ढकाल,नगर कार्यपालीका उपप्रमुख - सदस्य

(ग) श्री विमल राज आचार्य,कार्यकारी अधिकृत - सदस्य

(घ) श्री गंगाराम सुनार,कार्यपालीका सदस्य.- सदस्य

(ङ) श्री टिका कुमारी घले,कार्यपालीका सदस्य .- सदस्य

(च) श्री सुरेश मानन्धर,कार्यपालीका सदस्य - सदस्य

(छ) श्री प्रकाश पौडेल,वरिष्ठ अधिकृत - सदस्य सचिव

**३.बजेट तथा कार्यक्रम तर्जुमा समिती**

(क) श्री मोहन माया ढकाल नगर कार्यपालीका उपप्रमुख - संयोजक

(ख) विषयगत क्षेत्र हेर्ने गाँउ नगर कार्यपालीकाका संयोजकहरु ६ जना  - सदस्य

(ग) श्री विमल राज आचार्य,कार्यकारी अधिकृत - सदस्य सचिव

**निर्णय नं. ५**

नगर कार्यपालीका (कार्यसम्पादन) नियमावली,२०७४ को नियम १५ बमोजिम यस नगरपालीकाका लागी गठन हुने कार्यपालीकाका तपसिलका समितीहरु निम्नानुसार पदाधिकारीको संयोजकत्वमा गठन गर्ने निर्णय गरियो ।

**निम्न**

**(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिती**

(१) श्री निलकण्ठ खनाल,कार्यपालीका सदस्य - संयोजक

(२) श्री लोक प्रसाद चालीसे,कार्यपालीका सदस्य - सदस्य

(३) श्री सुरेश मानन्धर,कार्यपालीका सदस्य - सदस्य

(४) श्री विष्णु वादी,कार्यपालीका सदस्य - सदस्य

(५) श्री दिपेन सुवेदी,प्रशासकीय अधिकृत - सदस्य सचिव

**(ख) आर्थिक विकास समिती**

(१) श्री राज बहादुर गुरुङ्ग,कार्यपालीका सदस्य - संयोजक

(२) श्री विष्णु वादी,.कार्यपालीका सदस्य - सदस्य

(३) श्री पुन बहादुर पुलामी,कार्यपालीका सदस्य - सदस्य

(४) श्री बलबहादुर रोकाया,कार्यपालीका सदस्य - सदस्य

(५) श्री रामदत्त सापकोटा,आ.प्र.अधिकृत - सदस्य सचिव

**(ग) सामाजिक विकास समिती**

(१) श्री यमुना नेपाली,कार्यपालीका सदस्य - संयोजक

(२) श्री टिका घले, कार्यपालीका सदस्य - सदस्य

(३) श्री पुर्ण बहादुर ढकाल,कार्यपालीका सदस्य - सदस्य

(४) श्री लक्ष्मी कुमारी वि.क.,कार्यपालीका सदस्य - सदस्य

(५) श्री प्रकाश पौडेल,वरिष्ठ अधिकृत - सदस्य सचिव

**(घ) पुर्वाधार विकास समिती**

(१) श्री ध्रुव कुमार चपाई,कार्यपालीका सदस्य - संयोजक

(२) श्री रत्न बहादुर बुढा,कार्यपालीका सदस्य - सदस्य

(३) श्री भुपेन्द्र बहादुर दर्लामी,कार्यपालीका सदस्य - सदस्य

(४) श्री सरीता चौधरी,कार्यपालीका सदस्य - सदस्य

(५) श्री विशाल अधिकारी,इन्जिनियर - सदस्य सचिव

**(ङ) वातावरण तथा विपत व्यवस्थापन समिती**

(१) श्री टोप बहादुर दलार्मी,कार्यपालीका सदस्य - संयोजक

(२) श्री शान्ता खड्का,कार्यपालीका सदस्य - सदस्य

(३) श्री गंगाराम सुनार,कार्यपालीका सदस्य - सदस्य

(४) श्री मोती प्रसाद कडेल,कार्यपालीका सदस्य - सदस्य

(५) श्री प्रकाश पौडेल,वरिष्ठ अधिकृत - सदस्य सचिव

**(च) विधेयक समिती**

(१) श्री डण्ड  वि.क.,कार्यपालीका सदस्य - संयोजक

(२) श्री नन्दलाल शर्मा,कार्यपालीका सदस्य - सदस्य

(३) श्री रत्न बहादुर बुढा,कार्यपालीका सदस्य - सदस्य

(४) श्री बल बहादुर रोकाया,कार्यपालीका सदस्य - सदस्य

(४) श्री विमल राज आचार्य,कार्यकारी अधिकृत - सदस्य सचिव

**निर्णय नं. ६**

यस नगरपालीकाले चालु आ.व.मा खरिद गरेको दमकल लाई मिती २०७४।०३।२१ गते देखी औपचारीक रुपमा संचालन गर्नका लागी निम्नानुसारको जनशक्ति खटनपटन र बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निम्न**

**(क) जनशक्ति**

१. मुख्य ड्राईभर १ जना

२.वैकल्पीक ड्राईभर १ जना

३. फायरम्यान ५ जना (३ जना न.पा को आन्तरिक कर्मचारीबाट र २ जना सेक्युरेटी कम्पनीबाट व्यवस्था गर्ने । )

**(ख) व्यवस्थापन सम्बन्धमा**

(१) दमकलको संचालनलाई दिगोपना दिनको लागी उपत्यका भित्र मात्र १००० वर्ग फिट सम्मका लागी पक्कि घरलाई रु.५०, २००० वर्ग फिट सम्मका लागी रु.१०० र सो भन्दा माथीका लागी रु.२५० व्यवस्थापन खर्च एकिकृत सम्पति कर मै एकिकृत गरि लिने ।

(२) ड्राईभर फायरम्यानमा खटाइएका कर्मचारीहरु लाई कार्यालय समयमा जुनसुकै बखत दमकल संचालनको सुनिश्चीतता कायम गर्दै कार्यालय सहयोगी र सुरक्षाको काममा लगाउने ।

(३) दमकलमा खटिने कर्मचारीहरु मध्ये मुख्य ड्राईभरलाई रासन भत्ता वाफत रु.४००० एक जना वैकल्पीक ड्राईभरलाई रु.२००० र फायरम्यानहरुलाई रु.३५०० का दरले मासिक रुपमा उपलब्ध गराउने ।

(४) मुख्य ड्राईभरले महिनामा एकै पटक वा पटक पटक गरि ७ दिन सम्म बिदामा बस्ने पाइने । निजले बिदामा बसेको बखत वैकल्पिक ड्राईभरबाट सेवा लिने र निजहरुलाई तोकिएको सुविधा दिने । फायरम्यान मध्ये ३ जना अनिर्वाय डिउटीमा रहने ।

**निर्णय नं. ७**

यस नगरकार्यपालीकाको १०० दिने कार्ययोजनामा वीरेन्द्रनगरका इन्टरनेटका पहुँच भएका वडाहरुमा वाइफाइ फ्री जोन घोषणा सहित वडा कार्यालयमा इन्टरनेट जडान गर्ने कार्यक्रम रहेकोमा नगर कार्यपालीका कार्यालयबाट सेवा प्रदायक संस्थाबाट प्राप्त कोटेशन विश्लेषण गरि पेश भएको सन्दर्भमा Tech mind networking pvt.ltd.को कोटेशन मितव्ययी एंव क्षमता युक्त देखिएकाले सो फर्म सँग सम्झौता गरि इन्टरनेट जडानको प्रकिया अगाडी बढाउन कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

वीरेन्द्रनगर नगरपालीकामा निर्मीत ल्याण्डफिल साइट पँहुच मार्गमा नगरपालीकाका फोहोरो ढुवानी साधन बाहेक अन्य सवारी साधनहरु समेत चल्दै आएको कारण सडक बिग्रने समस्या देखिएकाले सोको मर्मत एंव ल्याण्डफिल साइट व्यवस्थापनका लागी खर्च गर्ने गरि उल्लेखित सडकमा चल्ने सवारी साधनमा पटके सवारी कर प्रति सवारी साधन (टेक्टर,ट्रक) रु.१०० आगामी २०७४ श्रावण १ गते देखी लिन टेन्डर प्रकिया अगाडी बढाउन कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगर कार्यपालीको कार्यालयबाट सावीकको वीरेन्द्रनगर नगरपालीकाको चालु आ.व.०७३।०७४ का लागी स्वीकृत बजेट,योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्थाका बारेमा आजका बैठकमा पेश भएका शाखागत प्रतिवेदनहरु माथी छलफल एंव समिक्षा गरियो ।

**निर्णय नं. १०**

यस नगरपालीकाका पदाधिकारी तथा कर्मचारीले प्रयोग गर्ने सवारी साधन संचालन गर्ने ड्राईभरलाई आगामी २०७४ श्रावण देखी मासिक रु.५००० अतिरिक्त भत्ता सुविधा दिने साथै ड्राईभर श्याम देवकोटाको हकमा पदाधिकारी यस नगरपालीकामा बहाल भएको दिन देखि नै मासिक रु.५००० अतिरिक्त सुविधा दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालीकाका कार्यकारी अधिकृतको भान्से सहयोगीको व्यवस्था गर्नका लागी मासिक रु.७००० मा नबढने गरि घटाघटमा आगामी २०७४ श्रावण देखी बहालवाला कार्यकारी अधिकृतको इच्छा अनुसारको समय सम्म मात्र काममा लगाउन कार्यकारी अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

शहरी स्वास्थ्यको भवन निर्माणका लागी स्वास्थ्य मन्त्रालय बाट रु. १५ लाख प्राप्त भएको र उक्त रकमबाट वडा न १ को शहरी स्वास्थ्यको भवन लाई पुर्णता दिन कार्यालयबाट भएको निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नगरपालीकाको चालु आ.व.को प्रवर्द्दनात्मक शिर्षक अर्न्तगत मालपोत कार्यालय भौतीक सुधार शिर्षकमा रु.२ लाख विनीयोजन भएकोमा मालपोत कार्यालय सुर्खेतले उक्त शिर्षक परिवर्तन गरि जेनेरेटर राख्ने सेड निर्माणका लागी शिर्षक परिवर्तनका लागी अनुरोध भएकोमा सो कार्य गर्नका लागी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगर कार्यपालीका कार्यालयमा व्यक्तिगत घटना दर्ता,सामाजिक सुरक्षा व्यवस्थापन,कार्यालयका नियमीत पत्राचार लगायतका कार्यहरु कम्प्युटर अपरेटरले गर्दै आएकोमा निजले राजिनामा दिई गएकाले उक्त कार्यहरु हाल संचालन गर्न कठिनाई भएको, कम्प्युटर अपरेटर निजामति कर्मचारी खटाई दिन हुन जिल्ला कर्मचारी व्यवस्थापन समिती सुर्खेतमा अनुरोध गरेता पनि हाल सम्म कर्मचारी प्राप्त नभएको हुँदा कार्यालयले रा.प.अन. द्दितीय,खरिदार वा सो सरह सरहको तलव को परिधी भित्र रहि उल्लेखित कार्य गराउन गरि वैकल्पिक व्यवस्था नहुँदा सम्मका लागी सेवा प्रदायक संस्थाबाट सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस न.पा र नमोबुद्द सप्लायर्स एण्ड कन्ट्रक्सन प्रा.ली. बीच यस नपाका रत्न राजमार्गको एयपोर्ट तिनकुने चौक देखी टेम्पोपार्क रत्न राजमार्ग तर्फ फर्किएका घरधुरी एंव व्यवसाहिक उत्तर दक्षिण तर्फ भित्रका भित्री सडकको स:शुल्क फोहोर व्यवस्थापन गर्न सम्झौता भएको र सम्झौताको बुँदा नं .४ ( दोस्रो पक्ष) र फोहोर मैला व्यवस्थापन ऐन २०६८ को दफा १८ अनुसार सेवा शुल्कको दर नपाले तोक्ने व्यवस्था भएकोमा सोका लागी सेवा प्रदायक फर्मबाट प्रस्तावीत दरलाई मासिक रुपमा निम्नानुसार संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निम्न:**

| क्र.सं. | सेवा शुल्क बुझाउने व्यक्ति, फर्म | सेवा शुल्क रकम | |
|---|---|---|---|

| | तथा संघ संस्थाको प्रकार | क | ख | ग | सेवा अवधि |
|---|---|---|---|---|---|
| १ | प्रत्येक घरधुरी | ५०/- | १००/- | १५० /- | साप्ताहिक |
| २ | प्रति घुम्ति फोहोर अनुसार | ३०/- | ६०/- | १२० /- | साप्ताहिक |
| ३ | प्रति होटल | २००/- | ५००/- | १००० /- | साप्ताहिक |
| ४ | प्रति रेष्टुरेन्ट | २५०/- | ३००/- | ५००/- | साप्ताहिक |
| ५ | उच्च स्तरीय होटल | २५००/- | ४०००/- | | साप्ताहिक |
| ६ | खुद्रा पसल | ५० /- | १०० /- | १५०/- | साप्ताहिक |
| ७ | रेडिमेट, फेन्सी, कपडा पसल | १०० /- | २००/- | ३००/- | साप्ताहिक |
| ८ | कस्मेटिक पसल | ३०/- | ६०/- | १२० /- | साप्ताहिक |
| ९ | सुनचादी पसल | ५०/- | १००/- | १५० /- | साप्ताहिक |
| १० | फ्रेस हाउस | ५०/- | १००/- | १५० /- | साप्ताहिक |
| ११ | पान पसल | ३०/- | ६०/- | १२० /- | साप्ताहिक |
| १२ | स्कुल कलेज | ३००/- | ५००/- | २५००/- | साप्ताहिक |
| १३ | तरकारी मण्डि | ३००/- | ५००/- | १००० /- | साप्ताहिक |
| १४ | तरकारी पसल सानो | ५०/- | १००/- | १५० /- | साप्ताहिक |
| १५ | हेयर कटिङ्ग | १०० /- | १५० /- | २००/- | साप्ताहिक |
| १६ | टेलर्स | ५० /- | १०० /- | १५०/- | साप्ताहिक |
| १७ | हार्डवयर पसल | १०० /- | १५० /- | ३००/- | साप्ताहिक |
| १८ | चाट पसल | ८०/- | १६० /- | २०० /- | साप्ताहिक |
| १९ | इलेक्ट्रिकल पसल | ५०/- | १००/- | १५० /- | साप्ताहिक |
| २० | ट्रान्सपोर्ट | ५०० /- | | | साप्ताहिक |
| २१ | टेन्ट हाउस | १००/- | १५० /- | ३००/- | साप्ताहिक |
| २२ | ग्रिल आल्मोनियम | १००/- | १५० /- | ३००/- | साप्ताहिक |
| २३ | मेडिकल | ५००/- | ७०० /- | १०००/- | साप्ताहिक |
| २४ | नर्सिङ होम /हस्पिटल | १०००/- | २०००/- | ३०००/- | साप्ताहिक |
| २५ | विवाह, सेमिनार, गोष्ठि, साधारणसभा | ५००/- | १००० /- | १५०० /- | एक पटक |
| २६ | मेला ( सबै प्रकारका) | २०००/- | ४०००/- | ६०००/- | एक पटक |
| २७ | मोटर पार्ट /ग्यारेज (सबै प्रकारका) | २००/- | ४००/- | १०००/- | साप्ताहिक |
| २८ | सो रुम ( सबै प्रकारका) | १०००/- | १५०० /- | २५००/- | साप्ताहिक |
| २९ | कवाडी गोदाम | ५०० /- | १०००/- | १५००/- | साप्ताहिक |
| ३० | उद्योग/कलकारखाना | १००० /- | १५०० /- | २५००/- | साप्ताहिक |

**नोट :**

१) फोहोर उत्पादनको मात्राका आधारमा माथि उल्लेखित उस्तै व्यवसायिक प्रकृतिका फर्म सरह सरसफाई सेवा शुल्क लिने प्रावधान गरिनेछ ।

(क) बर्ग भन्नाले १ कोठा देखि ५ कोठा सम्म भएको घर ।

(ख) बर्ग भन्नाले ५ कोठा देखि १० कोठा सम्म भएको घर ।

(ग) बर्ग भन्नाले १० कोठा देखि माथिका कोठा भएका घर ।

**निर्णय नं. १६**

यस नगरपालीकाको चालु आ.व.को कार्यक्रममा सहकार्य गर्ने गरि निम्न संघ सस्थाबाट पेश भएका प्रस्तावहरुमा निम्न रकम सहकार्य गर्ने निर्णय गरियो ।

| क.म.संख्या | प्रस्तावक संघ सस्था | प्रस्तावीत कार्यक्रम | शिर्षक | सहकार्य रकम( रु.) |
|---|---|---|---|---|
| १ | युथ फर चिल्डेन | उद्घोषणकला | युवा पथपर्दशक | २५००० |
| २ | मानवअधिकार संरक्षण समाज | जातीय छुवाछुत विरुद्द सचेतना | अन्य लक्षित बचत | ५०००० |
| ३ | नेपाली सुन्नी मस्जिद गुल्सने मदिना अध्ययन केन्द्र | मस्जिद मर्मत | मठमन्दिर,पर्वद्दनात्मक | ४०००० |

**निर्णय नं. १७**

यस कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको स्तर वृद्दिका लागी कार्यालय बाट पेश भएका प्रस्तावका आधारमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ ग(३)(ख) बमोजिम देहायको स्तर वृद्दि गर्ने निर्णय गरियो ।

| कर्मचारीको नाम | सुरु स्थायी नियुत्ति मिती | सेवा अवधि | हालको स्तर | अब कायम हुन आउने स्तर |
|---|---|---|---|---|
| देव ब बसेल | २०६४।०२।०१ | १० वर्ष | सहायक स्तर द्दितीय | सहायक स्तर तृतिय |
| दिपेन्द्र सुवेदी | २०६४।०२।०१ | १० वर्ष | सहायक स्तर द्दितीय | सहायक स्तर तृतिय |
| चन्द्रविर बसेल | २०६४।०२।०१ | १० वर्ष | सहायक स्तर द्दितीय | सहायक स्तर तृतिय |
| रुपलाल सुनार | २०६४।०२।०१ | १० वर्ष | सहायक स्तर द्दितीय | सहायक स्तर तृतिय |
| चन्द्र ब कुमाल मगर | २०६४।०२।०१ | १० वर्ष | सहायक स्तर द्दितीय | सहायक स्तर तृतिय |
| लाल ब नेपाली | २०६४।०२।०१ | १० वर्ष | सहायक स्तर द्दितीय | सहायक स्तर तृतिय |

**निर्णय नं. १८**

लाटिकोइली स्वास्थ्य चौकी बाट सावीक १५ हालको वडा न.९ को विनियोजित शहरी स्वास्थ्य क्लिनीक निर्माण शिर्षकमा छुट्टयाइएको रकमबाट सो कार्य गर्न नसकिएको भनी सम्बन्धीत वडाको सिफारीस सहित गाँउघर क्लिनीक लाई व्यवस्थापन गर्न शिर्षक परिवर्तनका लागी अनुरोध भै आएकोमा सोको शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

सडक बोर्ड अर्न्तगत वी.न. पा.वडा न. ६ मा संचालित सडक पिच मर्मत कार्यक्रम गर्दै जाँदा सडक बोर्ड बाट स्विकृत कार्यक्रममा सिलकोट आइटम नभएको तर उक्त कार्य नगरेमा सडक पिचको टिकाउ नहुने प्राविधिक राय भए बमोजिम नगर कार्यपालीका कार्यालयले उल्लेखित कार्य निर्माण व्यवसायीलाई गर्न लगाएकोमा सोको समर्थन गर्दै नपुग बजेट चालु आ.व.२०७३।०७४ को मौज्दात पुर्वाधार तर्फको रकम वा आगामी आ.व.२०७४।७५ का लागी हुने विनीयोजीत हुने रकमबाट भुक्तानी दिने गरि उल्लेखित कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

वीरेन्द्रनगर सिटी बसपार्क निर्माणका लागी च्याङ्गमिला नरसिंह जे.भि.काठमाण्डौं ३४ र वीरेन्द्रनगर नगरपालीका बिच १३ अप्रिल २०१७ सम्म सकिसक्नु पर्ने गरि सम्झौता भएकोमा निर्माण व्यवसायीले विभिन्न कारण देखाउँदै समयमा सम्पन्न गर्न नसकिएको हुँदा म्याद थपका लागी निवेदन दिएको र नपा कार्यालयको प्राविधीक राय बमोजिम म्याद थप गर्न सकिने देखिएको हुँदा उक्त निर्माण व्यवसायीको सम्झौता म्याद सकिने समयबाट ६ महिना थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

वी.न.न.पा वडा नं.१ मा संचालीत शहरी स्वास्थ्य केन्द्रको भाडा २०७३ जेष्ठ देखी हाल सम्म भुक्तानी दिन बाँकी रहेकोमा उक्त भवनको प्रति महिना रु.२२७५ का दरले शहरी स्वास्थ्य केन्द्र संचालन भएका मिती देखी २०७४ असार मसान्त सम्मको भुक्तानी गर्ने साथै श्रावण १ गते देखी सम्बन्धीत वडा समितीले तोकेको स्थानमा नयाँ सम्झौता गरि भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस नगरपालीकाको रिक्त सहायक स्तर पाँचौ लेखापाल पदमा वीरेन्द्रनगर नगरपालीका वडा नं ८ खजुरा निवासी जिल्ला समन्वय समिती दैलेख मा कार्यरत लेखापाल श्री चित्रबहादुर खनालले सरुवा भै आउन सहमति माग गरेकोमा निजलाई एक महिना भित्र यस नगरपालीकाको लेखापाल पदमा सरुवा भै आउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

वीरेन्द्रनगरमा विभीन्न समयमा व्यक्तिका घर पसलमा आगलागी हुँदा तपसिलका व्यक्तिहरुको पसल । घरमा क्षति पुगेकोले उपयुक्त शिर्षकबाट जनहि रु.५००० का दरले सहयोग गर्न नगर कार्यापालीकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निम्न

(१) नैनसिंह पुलामी को वी.न.पा. ८ मा रहेको घुम्ती पसल

(२) देवी कुमारी शर्माको वी.न.पा ११ मा रहेको घर

**निर्णय नं. २४**

विभिन्न वडाबाट सडक ग्राभेल सम्बन्धी  माग आएको तर नगरपालीका सँग सडक ग्राभेल गर्ने चालु आ.व.२०७३।०७४ मा आर्थिक स्रोत नभएको तर सडक ग्राभेल तत्काल गर्नुपर्ने देखिएको हुँदा यस नगरपालीकाका १६ वटैहरुमा आवश्यकता अनुसार ग्राभेल कार्य गर्न प्रति वडा रु.३ लाखका दरले  उक्त कार्य गर्ने आदेश प्रदान गर्न सम्बन्धीत वडाका वडा अध्यक्षहरुलाई अधिकार दिने उल्लेखित बजेट आगामी आ.व.२०७४।०७५ को वडा तहमा जाने बजेट बाट व्यवस्था गर्ने

**निर्णय नं. २५**

वीरेन्द्रनगर क्षेत्रका निम्न पुल/कल्भर्ट तत्काल मर्मत गर्नुपर्ने देखिएको तर नगरपालीकासँग चालु आ.व.२०७३।०७४ मा आर्थिक स्रोत नभएको हुँदा आगामी आ.व.२०७४।०७५ को बजेटबाट उल्लेखित कार्य गराउने गरि सोको मर्मत कार्य प्रारम्भ गराउन सम्बन्धीत वडा अध्यक्षलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निम्न

(१) राजीगाँउ खोला फलैटे वी.न.पा.२

(२) कत्ले खोला वी.न.पा.९

**निर्णय नं. २६**

वी.न.पा ८ को वडा भवन निर्माण भैरहेको तर वडा भवनका लागी वडा तहको योजनामा विनियोजित रकम नपुग भएको हुँदा वडा कार्यालय तत्काल उक्त भवनमा संचालन गर्न नसकिएको हुँदा थप रकमको लागत स्टिमेट सहित नपामा सम्बन्धीत वडा समितीले अनुरोध गरेकोमा लागत स्टिमेट बमोजिमको काम नेपाल सरकार बाट स्थानीय तहको संचालन तथा व्यवस्थापनका लागी आएको रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।